मिति २०८२/०५/१७ गते माननीय मुख्यमन्त्री यामलाल कडेलज्यूको अध्यक्षतामा बसेको प्रदेश समन्वय परिषद्को दशौं बैठकका

## निर्णयहरु

१. प्रदेश समन्वय परिषदको नवौं बैठकबाट भएको निर्णयको कार्यान्वयनको अवस्था समेतको पुनरावलोकन र समीक्षा गरियो।

२. नवौं बैठकको निर्णय बमोजिम स्थानीय तहहरुबाट दरबन्दी सहितको कर्मचारी विवरण माग गरी पठाईएकोमा हालसम्म पनि अधिकांश पालिकाहरुबाट विवरण प्राप्त हुन नआएकोले संघीय सरकारबाट स्वीकृत दरबन्दी तेरिज र सो अनुसारको कर्मचारी पदपूर्ति तथा रिक्तको अवस्था देखिने गरी तोकिएको ढाँचामा विवरण ३ महिनाभित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनका लागि अनुरोध गर्ने र उक्त विवरण पठाउने सम्बन्धमा आवश्यक समन्वय गरिदिन कर्णाली प्रदेशका जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघलाई अनुरोध गर्ने।

३. संघ र प्रदेशबाट सञ्चालित तथा स्थानीय तहबाट स्वीकृत वार्षिक कार्यक्रम बमोजिमका योजनाहरु समयमा नै सम्पन्न गर्न स्थानीय तहले आवश्यक पहलकदमी लिने।

४. राजस्व अभिवृद्धिका लागि आवश्यक कार्ययोजना बनाई स्थानीय तहले पहल गर्ने र कानून बमोजिम प्रदेशलाई बुझाउनुपर्ने राजस्व बाँडफाँडको हिस्सा प्रदेश सरकारलाई पठाउने।

५. आ.व. २०८३/८४ को योजना छनौट प्रक्रिया मंसिर मसान्तभित्र सक्ने गरी स्थानीय तहले आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित विषयगत कार्यालयहरुमा पठाई सक्न स्थानीय तहलाई पत्राचार गर्ने।

६. प्रदेश र स्थानीय तहबीचको समन्वय थप प्रभावकारी बनाउन प्रदेश सरकारबाट स्थानीय तहका लागि बनाईने कानूनहरु निर्माणको समयमा कर्णाली प्रदेशका जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका प्रतिनिधिहरु सहित अन्य सरोकारवालाहरु संग आवश्यक छलफल तथा समन्वय गरेर प्रक्रिया अगाडि बढाउने।

७. कार्यविस्तृतीकरण प्रतिवेदन पारित गरी कार्यान्वयनमा चाडो ल्याउन राष्ट्रिय समन्वय परिषद्लाई अनुरोध गर्ने।

यामलाल कडेल
मुख्यमन्त्री